निर्णयहरु

निर्णय नं. १

नगरपालिकाको कार्य सम्पादनलाई व्यवस्थित र प्रभावकारी वनाउने सिलसिलामा सहकारी अनुगमन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि निर्माण गर्न सहमति दिने निर्णय गरियो ।

निर्णय नं.२

नेपाल सरकारको निर्धारित कार्यक्रम, कामका लागि पारिश्रमिक आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तरर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि जनसभागिता सहित कार्यान्वयन हुने योजना छनौट गर्न प्रत्येक वडाहरुमा पत्राचार गरिएको र वडाहरुवाटै प्रथामिकीकरण भई आएका तपशिलका योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

कामका लागि पारिश्रमिक आयोजनाहरु (रु १७,०७,०००।-) थप वजेट आउन वाकी

| सि. नं | वडा नं. | आयोजनाको नाम | अनुमानित लागत |
|---|---|---|---|
| १ | १ | वडा कार्यालय गैरीवारी सौरापुच्छर जामुने सडक सिंढी निर्माण | १००००० |
| २ | २ | पाँचघरे भवन घर राना गाउँ पदमार्ग निर्माण | १००००० |
| ३ | ३ | पुछार वजार चौतारो मर्मत तथा तटवन्ध मरण घाटको लागी | १००००० |
| ४ | ४ | सिमपानी चौतारो खानेपानी मर्मत योजना | १००००० |
| ५ | ५ | कालिका मन्दिर सिंढी निर्माण | २०७००० |
| ६ | ६ | विरीमढुगादेखि गुप्तेश्वरी गुफा सम्म गोरेटो वाटो निर्माण | १००००० |
| ७ | ८ | अमरमवति घुम्ती देखि ढोला सम्मको सडक स्तरोन्नती | २००००० |
| ८ | ९ | पाल्पा भञ्ज्याङ गाउँघर क्लिनीक भवन निर्माण | १००००० |
| ९ | १० | आखुखोला वाखे खोला गोरेटो वाटो सिंढी निर्माण | १००००० |
| १० | ११ | गोलाभञ्ज्याङ कृषि सडक निर्माण तथा सुधार | २००००० |
| ११ | १२ | सुन्दरा देवि मन्दिर मोड जाली तथा मिसीनरी वाल निर्माण | २००००० |
| १२ | १४ | छाँगा खोला पात्ले चुली भँगेरी चुली मैंया देवी मन्दिर सिंढी निर्माण | २००००० |

(नोटः- पछि थप भएको वजेटलाई माथि उल्लेखित योजनाहरुमा प्रतिशतका आधारमा थप गरि कार्यान्वयन गरीने)

युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (रु ५१,७०,०००।-)

| सि. नं | वडा नं. | आयोजनाको नाम | अनुमानित लागत |
|---|---|---|---|
| १ | १ | माझटोल देउराली डाँडादेखी भोजखाने डाँडा सम्म सिंढी निर्माण | १२००००० |
| २ | २ | अरुणखोला थुम्की डाँडा सिंचाइ कुलो मर्मत | ४२०००० |
| ३ | ३ | घर्तिखोला ठाडो सिंढी मर्मत | ३००००० |
| ४ | ४ | सिरानवजार सिमपानी एक्ले पिपल पौवा, सिरानधारा, रिजालथोक, गुफा गोरेटो वाटो मर्मत | ६६०००० |
| ५ | ५ | राम्चे सिढी निर्माण | ६००००० |
| ६ | ८ | युवा रोजगारमुलक तालिम | ६००००० |
| ७ | ९ | वाघ वछला मन्दिर अक्करे सिंढी निर्माण | ३००००० |
| ८ | १० | सुन्दरीदृवी मन्दिर सुधार पार्क निर्माण | १९०००० |
| ९ | ११ | दमैचौतारो सिम्ले गोरेटो वाटो सुधार तथा निर्माण | ३००००० |
| १० | १२ | पाँचमुरे डाँडा, पुरानो डिहि, दामगाउँ, घैले डाँडा, भदुवारे सिंढी मर्मत | ६००००० |

निर्णय नं. ३

आ.व. २०७७/०७८ का लागि सातौं नगर सभावाट स्वीकृत कार्यक्रम नं. ५७१ मेयर कप फुटवल कार्यक्रम सञ्चालन व्यवस्थापन शिर्षकलाई "खेलकुद व्यवस्थापन तथा जिल्ला स्तरीय खुल्ला व्याडमिन्टन प्रतियोगिता प्रथम मेयर कप २०७७ कार्यक्रम "मा शिर्षकान्तर गर्ने निर्णय गरियो । साथै जिल्ला स्तरीय खुल्ला व्याडमिन्टन प्रतियोगिता प्रथम मेयरकप २०७७ खेलकुद कार्यक्रम सञ्चालन गर्न धादिङ जिल्ला व्याडमिन्टन संघलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं.४

आ.व. २०७६/०७७ मा विनियोजित भएको वि.पि. टोल फुटपाथ निर्माण तर्फको वजेट रु ११४२०००।- यस आ.व. २०७७/०७८ मा वजेट दायित्व सार्न छुट भएकोले मर्मत सम्भार कोषमा रहेको वजेटवाट खर्च लेखि आगामी नगरसभावाट स्वीकृत गराउने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

उपभोक्ता समितिवाट योजना संचालन गर्दा उपभोक्ता समितिवाट अधिकतम रु ३० लाख सम्मका योजना मात्र संचालन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।